# जनताको घर: हाम्रो आश्रयस्थल



अष्टलक्ष्मी शाक्य
केन्द्रीय कमिटी उपाध्यक्ष

**अध्ययन समूहले मेरा क्रान्तिका पाइला अघि बढायो**

'क्रान्ति गर्न विचार मिल्ने साथीहरू बनाउनु पर्छ। बुर्जुवा शिक्षाले क्रान्ति हुँदैन, मार्क्सवादी शिक्षा लिनुपर्छ,' सुरुमा भेटेका नेताले भन्नुभएका यिनै वाक्य मेरो मनभित्र गहिरो गरी गढेका थिए, 'गाउँमा भूमिहीन र गरिब किसानलाई गोलबन्द गर्नुपर्छ। सहरमा मजदुरका बीचमा जानुपर्छ।'

तर यस्तो स्पष्ट सोच भएका नेता विचलित हुनुभयो कसरी ? विचार मिल्ने हामी ६० जना साथीलाई चटक्कै छाड्नुभयो। भर्खर वामे सर्न थालेका हामी पानीबिनाको माछाजस्तै छट्पटियौँ। तैपनि सुरुबाटै अप्ठेरो सहँदै, पीडा भोग्दै एक दिन क्रान्ति हुन्छ, परिवर्तन अवश्य हुन्छ भन्ने दृढ विश्वासका साथ अगाडि बढिरहयौँ। अध्ययन समूह गठन गर्‍यौँ। गाउँ जाने अभियान सुरु गर्‍यौँ। गाउँ नदेखेका, गाउँका जनतालाई नजिकबाट नबुझेका हामीले नयाँ अनुभव गर्दै जनताका घर गएर पहिलो पटक बास बस्यौँ। कुनै नाता थिएन। तर जनताका काममा अप्ठेरो सहँदै सहयोग गर्‍यौँ। हामीले बालबालिकालाई गरेको मायाका कारण आत्मीयता जोड्न, बास पाउन कुनै गाह्रो भएन। जनताका यस्तै व्यवहार र आत्मीय माया पाएर गाउँ जाने, जनतालाई सेवा गर्ने, चेतना दिने, सङ्गठित गर्ने हाम्रो अभियान अगाडि बढिरहयो। जनताको घर हाम्रो पवित्र बासस्थान बन्दै गयो। पहिलो पटक घरबाहिर रात बस्दै गर्दा जनताको मायाले ममा आत्मविश्वास पनि बढेको थियो। नेतृत्वविहीन हुँदा पनि हामीले अध्ययन समूहलाई बलियो बनाएका थियौँ। हामीले जानी–नजानी गरेको काम र व्यवहारले जनताको विश्वास र साथ पाएका थियौँ।

## भूमिगत जीवनको सुरुवात

जन्मेको घर र परिवारलाई चटक्कै छोडी दुई पानाको चिठी छोडेर म २०३६ पुस ४ गते तत्कालीन नेकपा (माले) को सम्पर्कमा पुगेँ। केही पहिलादेखि नै कमरेड रघु पन्त, युवराज कार्कीसँग भेट भइसकेको थियो। युवराजले घर छोड्नुअगाडि मलाई भन्नुभयो, 'तपाईं पार्टीको भूमिगत भएर पूर्णकालीन हुने कि कुनै पेसा गरेर बस्ने ?' दुइटा विकल्पमध्ये एउटा रोज्नुपर्ने थियो। मैले भनेँ– 'पूर्णकालीन हुने'। 'त्यसो भए भूमिगत हुनुपर्छ'– उहाँले भन्नुभयो। मलाई भूमिगत के हो थाहा थिएन। तर हुन्छ भनेँ। यसरी मेरो भूमिगत जीवन सुरु भयो।

घर छाडेकामा कुनै चिन्ता, दुःख र अन्योल थिएन। म प्रस्ट र निर्णयप्रति दृढ पनि थिएँ। म तयारीमा थिएँ, कतिखेर के जिम्मेवारी आउने हो भनेर। साथीको घरमा सुरक्षित बसेकी थिएँ। नेकपा (माले)का पार्टी नेता बागमती पार्टी कमिटीका इन्चार्ज कमरेड श्याम (अमृत बोहरा) आउनुभयो। उहाँले 'तपाईं ढुक्क हुनूस्, सानो परिवारबाट ठूलो परिवारमा आउनुभयो। तपाईं अब पार्टी परिवारको सदस्य बन्नुभयो। अब पार्टी काम गर्नुपर्छ। पार्टी छ, हामी छौँ। तपाईंले चिन्तामुक्त भएर काम गर्नूस्' भन्नुभयो। म सेल्टर (आश्रयस्थल) मा पुग्दा झमक्क साँझ परिसकेको थियो। कमरेडहरू जस्तै मेरो पनि सेल्टरमा बसाइँ सुरु भयो। घर छोडेको त्यो रात बालाजुको रानीवनमा मजदुर नेता शारदा कमरेडका घरमा बित्यो। सामान्य कुराकानीपछि उहाँले 'कमरेड, आज हामीले सिस्नो खाउँ है' भन्नुभयो। मिठो लाग्छ कि लाग्दैन भनेर सोध्नुभयो। शारदाले कति नम्र र हार्दिकतापूर्वक मेरो इच्छा सोध्नुभयो। साह्रै खुसी भएँ। कहिल्यै नखाएको सिस्नो। 'सिस्नो छोएपछि भतभती पोल्छ। छुनु हुँदैन। हामीले सिस्नो खानु पनि हुँदैन। यो त गरिबहरूले खाने चीज हो' भनेर आमाले पटक–पटक भन्नुहुन्थ्यो। तर मिठो लाग्यो सिस्नो। त्यो साँझ पहिलो पटक खाएको सिस्नोले राम्रो निद्रा पनि लाग्यो। घर छाडेको मान्छे, मलाई कहाँ लाने होला, म कहाँ जाने होला, मसँग कस्तो व्यवहार हुने होला भन्ने चिन्ता त थियो नै। तर उहाँको यस्तो बोली र व्यवहारले ढुक्क भएँ। ठीक बाटोमा छु भन्ने लाग्यो। बिहान उठ्ने बित्तिकै 'निद्रा लाग्यो कि लागेन कमरेड' भनेर पनि सोध्नुभयो। 'निद्रा राम्रै लाग्यो,' मैले भनेँ।

मलाई भोलिपल्टै शारदा कमरेडकोबाट ललितपुरको पाटन ढोका सुशीलचन्द्र र कमला अमात्यको घरमा लगियो। मलाई पुऱ्याउने कमरेडले अब केही समय ढुक्कै यहीँ बस्नुपर्छ भन्नुभयो।

## असल परिवारबाट उत्साहित भएँ

सुशील अमात्य र कमला अमात्यको घरमा पुग्दा म धेरै खुसी भएँ। आफ्नै घरमा पुगेजस्तो लाग्यो। उहाँहरूसँग शिक्षक आन्दोलनका दौरानमा भेट भएको थियो। त्यसैले पनि नजिक भइयो। एक महिनाजति त्यहाँ बसेँ। असल परिवारको नमुना कस्तो हुन्छ भनेर नजिकबाट हेर्न र अनुभव गर्न पाएँ। दुई छोरा, एक छोरी गरी ५ जनाको परिवार, परिवारमा हार्दिकता, घरायशी कामको बाँडफाँट गर्ने चलन, बेलाबेलामा पारिवारिक बैठक, एक–आपसमा लागेको कुरा खुलस्त राख्ने चलन, आगामी कामको योजना बनाई आफ्नो इमानदारीसाथ जिम्मेवारी पूरा गर्ने बानी, काममा छोरा–छोरी, आमा–बुबा सबै बराबरी। दुवै आमाबुबा विद्यालयमा पढाउनु हुन्थ्यो। छोरा–छोरीले पढाइसँगै घरको कामसमेत मिलेर गर्ने चलनले मन छोयो। मेरो घरमा कहिल्यै यस्तो मेलमिलाप, हार्दिकता पाउन सकिनँ। लामो समय यो परिवारमा बस्दा मैले नयाँ अनुभव मात्र होइन, भूमिगत जीवनमा आश्रयस्थल कस्तो हुनुपर्छ भन्ने अनुभव पनि गरेँ।

## कार्यक्षेत्रमा कामको सुरुवात

घर–परिवारको चिन्ताबाट मुक्त हुँदै गएँ। पार्टीले पनि कार्यक्षेत्रमा पठाउने निर्णय गऱ्यो। कमरेड श्याम (अमृत बोहरा), प्रभात (माधव पौडेल) र ज्योति (म) हाम्रो कार्यक्षेत्र सिन्धुपाल्चोक पिस्करतिर लाग्यौँ। पहाड कहिल्यै नहिँडेको, त्यसमा पनि राती हिँड्नु पर्ने, मलाई धेरै गाह्रो हुँदै थियो। मैले कमरेडहरूसँग अब पुग्न कति बाँकी छ भनेर सोधेँ। कमरेडहरूले 'ऊ त्यो डाँडा बत्ती बलेको ठाउँ' भन्दै टाढा देखाउनुभयो। 'त्यहीँ पुग्ने हो, धेरै छैन' भन्नुभयो। 'मैले लक्ष्यमा पुग्नैपर्छ, आत्मविश्वासमा कुनै कमी हुन दिन्नँ, जति गाह्रो भए पनि सहन्छु'– मनमनै अठोट गरेँ। भूमिगत यात्रा कस्तो हुन्छ भनेर अनुभव गर्दै थिएँ। रातको १ बजेको थियो। सिन्धुपाल्चोक जिल्लाको नौथली चाकाचुम गाउँमा पुग्दा अल्पसङ्ख्यक थामी गाउँ, गरिबी र अभावको जीवन कस्तो हुन्छ ? त्यो पनि पहिलो पटक आफ्नै आँखाले देखेँ। चेतनाले भरिएका जनता, पार्टी र कमरेडहरूप्रतिको माया, विश्वास पनि प्रत्यक्ष अनुभव गरेँ।

## जनताको मायाले आत्मविश्वास बढायो

'कमरेड, भोक लाग्यो होला' भनेर खानेकुरा केही नभएको घरमा थोरै पिठो मिसाएर तातो खोले खाँदा जनताको निस्वार्थ माया कस्तो हुन्छ, मैले पहिलोपटक अनुभव गरेँ। देशको स्थिति के छ भनेर कमरेडहरूसँग स्थानीय साथीहरूले प्रश्न गर्नुभएको देख्दा चेतना र विचारलाई गरिबी र अभावले कत्ति पनि कमजोर नपार्दो रहेछ भन्ने प्रस्ट बुझेँ। मैले चारैतिर आँखा डुलाएँ। भान्छामा सजाउने न थाल थिए,

न त बटुका नै । न ओढ्ने–ओछयाउने डसना र सिरक थिए, न त अन्य कुनै लुगाफाटा नै । मैले केही देखिनँ । हामीलाई भेटेपछिको खुसी, उत्सुकता, पार्टीप्रति विश्वास देखेर म त अचम्भित भएँ । मैले अब यहीँ बसेर काम गर्नुपर्छ, दुःख, अभाव र गरिबीभन्दा पनि डरलाग्दो पीडा यहाँका सामन्तहरूले गरेको शोषण, उत्पीडनविरुद्ध जनतालाई सङ्गठित गर्नुपर्छ– मैले मनभित्र अठोट गरेँ । त्यो पिस्करभन्दा वारिपट्टिको गाउँ रहेछ ।

पिस्करमा पार्टीको जिम्मेवारी लिइरहँदा कहिले मीरा थामी, कहिले पूर्ण थामी, कहिले आइतमाई थामी, कहिले धनमान थामी, ठाकुरराम थामीको आश्रयस्थलमा बस्दै गएँ । कहिलेकाहीँ त कमरेड श्यामको घरमा पनि जाने गर्थें । ओडारको जीवन कस्तो हुने रहेछ भन्ने अनुभव पनि गरेँ । ओडारमा बसिरहँदा पटुकामा पोको पारी मसली थामीका आमा–बुबाले कसैले देख्छ कि भनेर चारैतिर आँखा डुलाउँदै 'खानूस् कमरेड' भनेर मायाले दिएको मकै–भटमास भोको पेटमा मिठो गरी खान पाएको अद्भुत अनुभव गरेँ । सेल्टरमा बस्दा अनुशासन र नियमको कडा पालना गर्नुपर्ने कुरा सिकेँ । कसैले थाहा नपाउने गरी बस्ने अर्थात् लुकेर बस्ने । बिहानको नित्यकर्म सबेरै गर्नुपर्ने । खाना जे छ, त्यही सबैसँग बाँडेर खाने । गरिबी र अभावका कारण घर–परिवारसँग बसेर गिठा, भ्याकुरको स्वाद पनि चाखेँ ।

घरभित्र सुरक्षित, सतर्क भएर बसे पनि घरका कमरेडहरू मेला जाँदा भाँडा माझ्ने, सफासुग्घर गर्ने काम गर्थें । फर्केर आउँदा छक्क पर्नुहुन्थ्यो । पढ्न, लेख्न सिक्नुपर्छ भनी राती टुकी बत्तीमा हात समाई अक्षर लेख्न सिकाउँथेँ । चेतना जगाउने सामग्री थिएन । उहाँहरूले खाने गर्नुभएको सुर्ती घटाएर त्यसबाट बचेको पैसाले चित्रकथा किन्थ्यौँ । त्यही चित्रकथाबाट सामन्तहरूले गरेका शोषण, अत्याचारविरुद्ध सङ्गठित हुनुपर्छ, लड्नुपर्छ, जनताको जित हुन्छ भनेर सिकाउँथेँ । जनताका गीतहरूबाट चेतना जगाउने र उत्साहित गर्ने गर्थें ।

आश्रयस्थल निकै कम हुन्थे, त्यसैले सुरक्षित राख्नु पर्थ्यो । सेल्टर खुल्दा शत्रुको निगरानी मात्र होइन, सेल्टरमा घेराउ, अनेकौँ दुर्घटना हुने स्थिति हुने हुनाले सतर्क र चनाखो हुनुपर्ने कुरा सिकेँ । एकदिनको कुरा, म पिस्करमा पूर्ण थामीको घरमा बसेकी थिएँ । साँझ पर्नै लागेको थियो । घर–परिवार जम्मा भएर बस्नुभएको थियो । म पनि कुराकानीमा सामेल भएँ । गाउँकै एक महिला ओहो भन्दै ढोकामा आइहालिन् । पूर्ण थामीले आत्तिँदै मलाई नजिकको थुन्छेले छोपेर थुन्सेलाई ओढ्ने कपडाले छोपिदिए । थुन्छेभित्र उकुसमुकुस भएर बसिरहँदा भूमिगत जीवनको अर्को कठिन स्थिति अनुभव गरेँ । हाम्रो सुरक्षा बाल रेडगार्ड हुने रहेछ भन्ने थाहा पाएँ । घरको मूलीमान्छे घाँस–दाउरा,

मेलापातमा जाँदा केटाकेटीले हाम्रो सुरक्षा गर्थे। राती हिँड्ने क्रममा कयौँ पटक लडेर मेरो खुट्टा मर्केको थियो। सहरको मान्छे म, डाँडाकाँडा, अँधेरो रातमा हिँड्न जानेकै थिइनँ। मर्केको खुट्टामा त्यहीँ स्थानीय औषधि लगाएर गर्नुभएको उपचार र जनताको मायालाई सम्झेर जति गाह्रो भए पनि म सहर फर्किन्न भनेर पटक–पटक अठोट गरेँ।

## विवाह र बालबच्चा भएपछि

भूमिगत समयमै कमरेड अमृत बोहरासँग मेरो पार्टी विवाह भयो, २०३७ माघ ५ गते। छोरी आस्था र छोरा विश्वास जन्मेपछि मेरो भूमिगत यात्रा अझै कठिन हुँदै गयो। पार्टीले मलाई फेरि प्रश्न गऱ्यो– 'बालबच्चा हेरेर कुनै पेसा गर्ने कि ?' मैले प्रस्ट जवाफ दिएँ– 'मेरा बालबच्चा पार्टीको सम्पत्तिका रूपमा लिनूस्। मैले पार्टी काम गर्ने हो।' प्रस्ट थिएँ– मेरो भूमिगत जीवन अझै कठिन बन्दैछ तर यसलाई अन्तिमसम्म निरन्तरता दिनुपर्छ। जति गाह्रो भए पनि पार गर्दै अगाडि बढ्नुपर्छ। मैले सिकेको यही थियो। पिस्करमा बसेर काम गर्न कठिन हुँदै गयो। म पिस्करबाट काठमाडौँ फर्कें। २०३८ तिर म सुत्केरी भएँ। सुत्केरीलाई कहाँ राख्ने, कसले स्याहार्ने समस्या भयो। पार्टीकै व्यवस्थापनमा राममाया श्रेष्ठ र जमुना स्थापितको परिवारले सुत्केरी स्याहार्ने जिम्मेवारी लिनुभयो। सुत्केरी स्याहार्ने काम सजिलो थिएन। आमाले खुसीसाथ यो गाह्रो काम जिम्मा लिनुभयो। त्यो परिवार सामान्य थियो। खान–लाउन कठिन थियो। काठमाडौँ डेराको जीवन, त्यसमा पनि ४ छोरी र १ भाइ। सबैले पार्टीलाई नजिकबाट बुझेका। सहयोगको भावना साह्रै राम्रो। मैले दुई महिना ढुक्क त्यहाँ बिताएँ। मेरा लागि यो परिवार पार्टीको सेल्टरभन्दा पनि माइतीघरजस्तो भयो। काठमाडौँ रहँदा पद्मा मानन्धरको घरमा पनि बस्थ्यौँ। उत्तिकै सहयोगी। उहाँका श्रीमान् पनि साह्रै सहयोगी, छोराछोरी असल र पद्मा दिदी आफैँ पनि पार्टीमा सक्रिय। सुलोचनाकी आफ्नै दिदी पनि। घर पकनाजोल। सानो घर, निम्न परिवार भए पनि मन फराकिलो। निस्वार्थी भावना। पार्टीका कमरेडहरू भनेपछि जस्तोसुकै सहयोग गर्न पनि तयार। मेरो बच्चा पनि भएकाले धेरै सजिलो थियो। पद्मा दिदीले मलाई र बच्चालाई लुगा सिएर पठाइदिने, बच्चाको पिठोसमेत बनाएर पठाइदिने गर्नुहुन्थ्यो। मेरो माइती नजिक भएर पनि सम्बन्ध टुटेको थियो। पद्मा दिदीको आमाले मेरो बच्चाको चिन्ता लिँदै राम्रो ख्याल गर्नु भन्नुहुन्थ्यो।

## बच्चा हुर्काउन पाँगा र टोखामा

मैले बच्चा साथमा राखेर भूमिगत काम गरिरहेकी थिएँ। बच्चासहित आश्रयस्थलमा बसेर काम गर्न अप्ठेरो हुँदै गयो। पार्टीले मलाई पाँगामा बसेर काम गर्ने व्यवस्था मिलायो। कमरेड कृष्णगोपाल श्रेष्ठ, सानु श्रेष्ठ, रविलक्ष्मी चित्रकार रहनुभएको

त्यो दक्षिण–पश्चिम इलाका कमिटी थियो। पार्टीका अन्य कमरेडहरू पनि हुनुहुन्थ्यो। रविलक्ष्मी त्यस क्षेत्रकै इन्चार्ज भएकाले मलाई र छोरालाई लिएर पाँगा पुऱ्याउनु भयो।

पाँगा कीर्तिपुर तत्कालीन नेकपा (माले)को भरपर्दो र सुरक्षित ठाउँका रूपमा लिइन्थ्यो। पार्टीका कमरेडहरूमाझ मलाई र बच्चालाई व्यवस्था गर्ने सवालमा धैरै छलफल भएको थियो। नानीछोरी महर्जन, बलबु महर्जन, धनमाया महर्जन लगायत महिलाले 'ढुक्क हुनूस् कमरेड, हामी तपाईंलाई सहयोग गर्छौं' भन्नुभयो। पार्टीका बैठक, महिला भेला, किसानका बैठक र भेला नियमित हुन्थे। बिहानको नित्यकर्म गर्न अहिलेको जस्तो घरमा शौचालय हुँदैनथ्यो। सामूहिक शौचालय खिखाँमुगमा जानुपर्थ्यो। एकदिन म खिखाँमुगबाट राती ४ः३० बजे फर्कंदै थिएँ। एउटा महिलाले मलाई पछयाइन्। म धनमाया दिदीकोमा बस्थेँ। मैले पार्टीमा सबै कुरा भनेँ। पछि त उनले 'धनमायाको श्रीमानले आफ्ना छोराछोरी हुँदाहुँदै पनि सौता ल्यायो' भनेर गाउँभरि हल्ला फिँजाइछन्।

पार्टीले तुरुन्तै त्यस ठाउँबाट अर्को आश्रयस्थलमा बस्ने व्यवस्था गऱ्यो। बलबु महर्जनको सिङ्गै परिवार राम्रो र सहयोगी, पार्टीलाई राम्ररी बुझ्ने भएकाले कुनै अप्ठेरो भएन। बच्चासहित बस्नु पर्दा समस्या नआओस् भनेर म सचेत थिएँ। बाहिर हिँडडुल गर्न नपाएको र कोठाभित्र मात्र बस्नुपर्ने भएकाले छोरा विश्वासको स्वास्थ्य कमजोर हुँदै थियो। जतिखेर पनि रुने भएकाले दुध चुसाइराख्नु पर्ने स्थिति थियो। बच्चासहित भूमिगत जीवन बिताउँदा आश्रयस्थलमा आउने समस्या बुझ्दै गएकी थिएँ। पाँगामा महिला कमरेडहरू उत्साहित हुनुहुन्थ्यो। एक दिन महिला भेला गर्ने सल्लाह भयो। तयारी पनि राम्रै हुँदै थियो। भेला गर्न नपाउँदै बसेको आश्रयस्थलमा निगरानी बढ्यो। अचानक विरोधीहरू पसेर बलबु कमरेडलाई धम्की दिएर गए। त्यस आश्रयस्थलमा घेराउ हुन सक्ने जोखिम आउने भएपछि म, अमृत बोहरा, कृष्णगोपाल श्रेष्ठ रातारात हिँडेर मच्छेगाउँ पुग्यौँ। एकातिर बच्चा, अर्कोतिर पार्टी सामग्री बोकेर हिँडिरहँदा बच्चा रुन्छ कि भन्ने डर थियो। तर रोएन। मच्छेगाउँमा सजिलै कमरेडहरूसँग भेट भयो। पाँगामा बस्न अप्ठेरो परेकाले पार्टीले टोखामा बसेर काम गर्ने व्यवस्था गऱ्यो। यसमा कमरेड सानु श्रेष्ठको धैरै सहयोग रह्यो।

## टोखामा पार्टी काम

कमरेड जमुना खत्री टोखामा शिक्षिका हुनुहुन्थ्यो। दिदी–बहिनीको नाता जोडेर बस्न सजिलो हुने भएपछि छोरा विश्वास लिएर टोखा पुगियो। त्यतिखेर छोरी आस्था उत्तम महत–चुनु महतकोमा थिइन्। टोखामा पार्टी काम राम्रो, सङ्गठनात्मक स्थिति

पनि सुदृढ, कमरेडहरूको भावना निस्वार्थ सहयोगी थियो। गजराज, राधेश्याम, बाबुलाल, अष्टनारायण, गणेशलाल, सन्तकुमारी, सुकुमाया, मैयाँ लगायत साथीहरूले नियमित सम्पर्क सहयोग गर्नुहुन्थ्यो। स्कुल छुट्टी भएपछि बच्चालाई खेलाउन भाइहरू आउनु हुन्थ्यो। मलाई पढ्न लेख्न सजिलो हुन्थ्यो। रातको समयमा बैठक, भेलामा जाँदा त्यहाँका महिला कमरेडहरूले मलाई लिन आउनु हुन्थ्यो। बच्चा बोकेर जानुपर्ने भएकाले अलि सचेत पनि हुन्थेँ। बाटोमा बच्चा रोयो भने कुकुर भुक्ने डर, गाउँलेहरू उठेर हेर्न सक्ने र अप्ठ्यारो पर्ने डर थियो। छोराको स्वास्थ्य धेरै कमजोर थियो। पखालाले सताएकाले रोइरहन्थ्यो। दुध चुसाउँदै, बच्चाले गरेको आची पुछ्दै कमरेडहरूसँग छलफल गर्थ्यौं। बच्चासँगै भूमिगत जीवनको दुःख–कष्ट र पीडा भोग्दै पार्टी कामलाई निरन्तरता दिइरहेकी थिएँ। गाउँमा जमुनालाई मास्टरनी दिदी भन्थे। मलाई पनि सबैले माया गर्थे। मैले बच्चा बोकेर काम गरिरहँदा बच्चाको बुबा को होला, किन आउँदैन होला ? कतै यो आईमाई छाडा त होइन ? कसैको पेट बोकेर यहाँ आएर बसेको त होइन भनेर शङ्का गर्थे। बच्चाको बुबा आउँदा पनि चिनाउने कुरै भएन। यस्तै आरोपले टोखामा बस्न गाह्रो हुँदै गयो।

अनेरास्ववियुको राष्ट्रिय सम्मेलन नजिक आइरहेको थियो। त्यसको तयारीमा लाग्नुपर्ने भयो। सुरक्षित, कुशल व्यवस्थापनबाट सम्मेलन सम्पन्न हुँदा सबै खुसी भए। अति मिहिनेत गर्नुभएको थियो टोखाका कमरेडहरूले। पार्टीको नियमितजस्तो बैठक, भेला, प्रशिक्षण भइरहन्थ्यो। राती–राती हिँड्नु पर्ने। महिलाहरूको परम्परागत लुगा १२ हातको जागिया भएको सुरुवालले राती हिँड्दा, आवाज दिने भएकाले समस्या उत्पन्न भइरहेको थियो। सुरक्षित भएर कसरी पार्टी काम गर्ने भनेर छलफल भयो। अब सुरुवाललाई जामा बनाउने, सबैले जामा लगाउने निर्णयमा पुग्यौँ। जामा लगाउन सजिलो, तर परम्परागत संस्कृतिको विरोध गरेको अर्थ लाग्ने डर। अप्ठेरो आउँछ कि भन्ने कुरा पनि भयो। आमा–बुबाहरूको समर्थन हुने कुरै भएन। तर १२ जना महिला कमरेडहरूले जामा लगाउने आँट गर्नुभयो। पकनाजोलकी दिदी पद्मा मानन्धरकोमा गएर जामा सिलाउने काम भयो। उहाँहरूले ठूलो आँट र हिम्मतका साथ जामा लगाएर सांस्कृतिक कार्यक्रमको मञ्चमा उभिनुभयो। त्यस आँटलाई ताली बजाएर खुसी व्यक्त गरे सबैले। तर विपक्षले 'जामा पार्टी मुर्दावाद' भनी नारा लगाए। टोखाका सबै कमरेडहरू मिली प्रतिवाद गरे। यसरी पार्टीका लागि आँट गर्ने काम चानचुने थिएन।

छोरी आस्था पनि बिरामी भएपछि साथै राखेर काम गर्नुपर्ने स्थिति आइपऱ्यो। दुई जना बच्चा कसरी साथमा राखेर काम गर्ने ? पार्टीका लागि पनि नयाँ समस्या थपियो। मैले पार्टी काममा निरन्तरता दिने निर्णय सुनाएपछि दुईवटै बालबच्चा राख्ने

र त्यहीँ बसेर काम गर्न सकिने ठाउँको खोजी भयो। झापाका कमरेडहरूले आमा र बच्चाहरूको व्यवस्था गर्ने जिम्मा लिएपछि म २०४१ सालमा झापा पुगेँ। त्यसबेला अमरसिंह (अमृत बोहरा) मेचीको इन्चार्ज हुनुहुन्थ्यो।

**छोराछोरीसँग झापामा**

छोरीछोराको व्यवस्था मिलाउँदै पार्टी काम गर्न झापामा पुग्दा अति खुसी थिएँ। २०२८ सालको झापा आन्दोलनबारे काठमाडौँमै सुनेकी थिएँ। झापा कम्युनिस्ट आन्दोलनको उर्वर भूमि भनेर चिनेकी थिएँ। झापा पार्टीसँग सल्लाह गरी कमरेड प्रदीप नेपालले छोरी आस्थालाई धुलाबारीमा लता र विष्णु प्रसाईंको घरमा दाजुभाइको नाता जोडेर राखिदिनुभयो। दुवै जना पार्टीमा सक्रिय हुनुहुन्थ्यो र परिवार पनि राम्रो थियो। छोरी आस्थालाई त्यहीँ राख्ने भइयो। विश्वास १५ महिनाको थियो। सल्लाह भए अनुसार आमाको दुध छुटाउने र गौरादह छविलाल र चन्द्रकुमारीकोमा राख्ने भनेर राती गइयो। राती बच्चासँगै सुतेर बिहान बच्चा नउठ्दै छोडेर हिँडेँ। एक महिनासम्म बच्चाले नमानेको, रोइरहेको खबर सुने पनि म बच्चा भेट्न गइनँ। बच्चाको आमा भएर पनि कठोर बनेँ। मैले पार्टीमा निरन्तरता दिनैपर्छ, राजनीति नै मेरो जीवनको उद्देश्य हो भन्ने अठोट गरेकी थिएँ। त्यसैले म कठोर बनेँ।

झापामा सङ्गठन अति राम्रो, कमरेडहरूको सक्रियता पनि राम्रो थियो। म गइसकेपछि माई पश्चिमको जिम्मेवारी मेरो भयो। अनेमसङ्घको केन्द्रीय सदस्य भएकाले मेची अञ्चलका चारवटा जिल्लामा पुग्नु पर्थ्यो। म सुरुमा झापा जिल्ला कमिटीको सदस्य भई काम गरेँ। पछि मेची अञ्चल कमिटीको सदस्य भएँ। पार्टीका नेताहरूको आत्मीय सहयोगले मलाई काम गर्न सजिलो भयो। पवित्रा निरौला, मेनका काफ्ले, यशोदा अधिकारी, लीला कट्टेल, सीता बस्नेत, विनीता बराल लगायतका महिला कमरेडहरूको सक्रियता राम्रो थियो। उहाँहरूले क्रमशः भूमिगत भई पूर्णकालीन कार्यकर्ताका रूपमा अगाडि बढ्नुभयो र पवित्रा निरौलाले इलाम, विष्णु बरालले ताप्लेजुङ, मेनका पोखरेलले झापामा काम गर्नुभयो। मेनका एसएलसी परीक्षा दिने तयारीमा हुनुहुन्थ्यो। तर आमा र परिवारको दबाब सहेर पनि भूमिगत हुनुभयो। म भूमिगत भएर झापामा पुग्दा मेनकाको घरमा बच्चा बोकेर गएकी थिएँ। आमाले अचम्म मान्नुभएको थियो। उहाँले बच्चा बोकेर पनि पार्टी काम गर्ने महिला पहिलोचोटि देख्नु भएको थियो। मसँग धेरै कुरा सोध्नुभएको थियो। सबै खुल्ला गर्न सक्ने स्थिति थिएन। 'मेरो नाम टीका हो'– आमालाई भनेँ। उहाँ खुसी हुनुभयो। म, कमला घिमिरे, कल्याण कार्की लखनपुर, रुद्र चापागाईं तोपगाछी र दमकमा श्री लामिछाने, लोकबहादुर धिमाल,

कृष्ण धिमाल, इन्दिरा चापागाईं, गजेन्द्र श्रेष्ठ, रत्ना श्रेष्ठहरूकोमा बढी बस्थैँ। सेल्टर जाँदा आउँदा उच्च सतर्कता अपनाउँथैँ। रातीको समय बढी प्रयोग गर्थ्यौँ। मेरो भूमिगत जीवन पिस्कर, काठमाडौँ, टोखा, पाँगा भन्दा झापामा सहज भयो। केही खुकुलो अवस्थामा काम गर्‍यौँ।

विभिन्न आश्रयस्थलमा बस्दा कहीँ नाता जोडेर बस्थें। आश्रयस्थल कम हुन्थे। सेल्टरमा अप्ठेरो नआओस्, बोझा नहोस् भनेर सोच्थैँ। महिला कमरेडहरूको बढी सक्रियता र उत्साह जागेको थियो। महिला भेला, पार्टी प्रशिक्षण भइरहन्थ्यो। पार्टीको विस्तारित बैठक झापाको तोपगाछीमा आयोजना गरिएको थियो। धेरै महफ्वपूर्ण बैठक भएको र सबै नेताहरू उपस्थित हुने भएकाले केही नहोस् भनेर हामी सचेत थियौँ। हुन त सचेत हुँदाहुँदै पनि बैठक सकिएपछि प्रहरीहरूको निगरानी र खानतलासी पनि भयो। विश्व बराल लगायत कमरेडहरू गिरफ्तार भए। केही नोक्सानी भोग्नु पर्‍यो।

२०४६ सालको संयुक्त जनआन्दोलनका क्रममा आन्दोलनलाई प्रभावकारी बनाउन तयारी बैठक लखनपुरमा बसेको थियो। मेची इन्चार्ज अमरसिंह नआइपुग्नु भएकाले बैठक स्थगित गरेका थियौँ। तर बसेको ठाउँमा राती १२–१ बजेतिर प्रहरीले घर घेराउ गरी कमिटीका सबै कमरेडहरू र घरधनी समेतलाई गिरफ्तार गर्‍यो। पार्टीको बैठक बसेको सेल्टर यसरी घेराउ होला भनेर सोचेका थिएनौँ। हामीलाई झापा चन्द्रगढीको कस्टडीमा चर्को यातनासहित राखेका थिए। एक वर्ष अगाडि इलाममा ३७ दिन कस्टडीमा परेका बेला बयानमा 'झोछें मीना श्रेष्ठ' को परिचय दिएकी थिएँ। राजनीति बुझ्दिनँ भनेर ढाँटेकी थिएँ। बैठकका निर्णय पुस्तिका लगायत धेरै सामग्री प्रहरीको हात परेको थियो। पटक–पटक जेल परेको झापाकै नेता, त्यसैले हामीलाई धेरै अप्ठेरो थियो। इन्दु बुढाथोकी पनि पक्राउ पर्नुभएको थियो। आन्दोलनका क्रममा द्रोणप्रसाद आचार्य लगायत धेरै आन्दोलनकारीलाई यातना दिएर राखिएको थियो। हामी हिरासतमा गएको १२ दिनपछि आन्दोलन सफल भयो। हामी सबै रिहा भयौँ।

**बच्चासँगै भूमिगत जीवन**

भूमिगत जीवन त्यसै पनि कठिन र जोखिमयुक्त हुने नै भयो। त्यसमा पनि बालबच्चासहित आश्रयस्थलमा बस्नुपर्दा अति अप्ठेरो अवस्था थियो। आश्रयस्थलमा एक्लै बस्दा 'कमरेड आउनुभयो' भनेर माया, खुसी बेग्लै हुन्थ्यो। बच्चासहित बस्दा फरक व्यवहारको अनुभव पनि गरियो। लगभग सबै आश्रयदाताहरू मेरा अभिभावकै बन्नुभयो। त्यही साथ, सहयोग र मायाले मैले पार्टी कामलाई निरन्तरता दिन सकेँ। बच्चा साथैमा राखेर हुर्काउन पाएँ। बच्चालाई आमाको माया दिन पाएँ। तर केही

आश्रयस्थलमा भने बच्चा नभएको र बच्चा भएपछिको अवस्थामा धेरै फरक व्यवहार पाएँ। बच्चा भएकोलाई कहाँ राख्न सकिन्छ र ? बच्चा किन पाउनु पऱ्यो ? जस्ता भनाइहरू पनि सुन्नु पऱ्यो। बच्चासहित बस्दा कतिपयले आमालाई खाना दिँदा बच्चाका लागि छैन, त्यही ख्वाउनू पनि भने। आफ्नै खाना चपाएर बच्चालाई ख्वाउने काम पनि गरेँ। त्यसैले भूमिगत त्यसमा पनि बच्चासहितको भूमिगत आमालाई धेरै अप्ठेरो र पीडा भोग्नु पर्नेरहेछ।

## भूमिगत जीवनमा महिलाले भोग्नुपर्ने छुट्टै समस्या

महिनावारीको समयमा आश्रयस्थलमा रहँदा सरसफाइको समस्याले पिरोल्ने भइहाल्यो। रात नपरी खोला वा धारामा जान नसकिने। प्याड किन्ने पैसा नै कहाँ हुन्थ्यो र ? कपडा लाउनु पर्थ्यो। कतिपय बेला त्यही कपडा पनि नभएर धेरै समस्या भोग्नुपर्ने। महिनावारी भएका बेला राती हिँड्न झन् कठिन हुने। रगत धेरै बग्ने। लाएका कपडाले नपुग्ने। बाटैमा फेर्नुपर्ने। कपडा लामो समय राख्दा घाउ हुने। हिँड्नै गाह्रो हुने। यो समस्या नेताहरूलाई कसरी भन्ने ? धेरै अप्ठेरो हुन्थ्यो। समयमा धुन नपाउने, प्लास्टिकमा पोको पारेर आफ्नै ब्यागमा राख्नुपर्ने। कहिले त ब्यागमा खानेकुरा पनि राख्नु पर्ने। एउटै ब्यागमा रगत लागेको कपडा र खानेकुरा। अहिले सम्झिँदा पनि साह्रै नराम्रो लाग्छ। स्वास्थ्यका हिसाबले झनै नराम्रो। तर बाध्यता यस्तै थियो, भूमिगत महिलाका निम्ति। रगत लागेको कपडा फालौँ भने अर्को कपडा नै नहुने। जीउ दुखेर, पेट दुखेर, सहनै नसक्ने भए पनि पटुका कसेर पार्टी काममा लाग्नुपर्ने त्यसबेलाको स्थिति थियो। पुरुष कमरेडहरूले ब्यहोर्नु नपर्ने, भूमिगत महिलालाई मात्रै आइपर्ने जटिल समस्या हो यो। भूमिगत जीवनभरि यो समस्याले मलाई पिरोलिरहयो।

## भूमिगत नेता– कार्यकर्ताको विवाह

नेकपा (एमाले)भित्र भूमिगत जीवन बिताइरहँदा मलाई प्रभाव परेको राम्रो पक्ष विवाहको विषय हो। पार्टीले त्यसबेला नेता र कार्यकर्ताहरूको विवाह, बालबच्चा र परिवारबारे धेरै ध्यान पुऱ्याउँथ्यो। चासो लिने गर्थ्यो। पार्टीले ध्यान दिएको छ, चासो लिएको छ भनेर खुसी हुने र समस्या राख्ने चलन पनि थियो। त्यसमा पनि पार्टीमा लागेका महिला कमरेडहरू थोरै हुने भएकाले विशेष रेखदेख, माया र सहयोग हुने गर्थ्यो। त्यसबेला भूमिगत महिलाहरू त झन् औँलामा गन्न सकिने सङ्ख्यामा भएकाले पनि हेरचाह र सहयोगमा बढी ध्यान पुग्थ्यो। विचार मिल्नेसँग विवाह गर्नुपर्छ भन्ने प्रस्ट नीति भएकाले पार्टीले नै जोडी मिलाइदिने, मन बुझेर प्रस्ताव राख्ने र मन परापर भएपछि एक–अर्कोमा प्रस्ताव राख्नुअगाडि पार्टीमा दुवै जनाले विवाहका लागि स्वीकृति लिने,

पार्टीमा पत्र लेख्ने, सम्बन्धित कमिटीले छलफल गरेपछि स्वीकृति दिनेजस्ता अभ्यास थिए। स्वीकृतिपछि पार्टीकै झण्डामुनि कम खर्च र सम्बन्धित थोरै नेताहरू बसेर 'देश र जनताको हितमा आवश्यक पऱ्यो भने जीवनसमेत दिन तयार छु' भनेर दुवैले शपथ लिने राम्रो परम्परा थियो। यस्तो प्रस्ट नीति र परिपाटीले पार्टीमा वैवाहिक जीवनमा सफल र अनुकरणीय बनेका धेरै उदाहरण छन्। ती परिवारले अहिले पनि पार्टी, क्रान्ति र आन्दोलनलाई निरन्तरता दिइरहेका छन्। विविध कारणले दिन नसकेका कमरेडहरूले पार्टीलाई इमानदारीसाथ सरसहयोग गरिरहनुभएको छ। तर आज खुला परिवेशमा यस विषयमा केही चुनौती देखिएका छन्। विवाहका बारे प्रस्ट नहुँदा परिवारभित्र अन्तरविरोध, बेमेल, झगडा, विछोडको सङ्ख्या बढ्दै गएका छन्। श्रीमान्–श्रीमती र आमा–बुवाको बेमेलले बालबच्चाको भविष्यमा समस्या थपिएका छन्। विवाहलाई मन, भावना, परिवारको खुसी र सुखसँग जोड्न एवं परिवार र समाजलाई मर्यादित, मेलमिलापयुक्त, सुसंस्कृत बनाउन पनि पारिवारिक एकता, हार्दिकता जरुरी छ। विवाहलाई खुला परिवेशमा लेनदेन र दबाबमा नभई असल परिवार बनाउने हिसाबले अगाडि बढाउन ध्यान दिनुपर्छ। समाज विकसित हुँदै गएको छ। त्यसो भनेर जति जनासँग पनि विवाह गरे हुन्छ ? लेनदेन र कुनै स्वार्थ पूरा गर्न विवाह गर्ने अनि स्वार्थ पूरा भएपछि छोड्ने ? परिवारभित्र कलह सुरु भएका र अन्ततः विछोड बनेका नकारात्मक घटना बढ्दै जाँदा समाजमा नराम्रो असर परिरहेको छ। परिवार छिन्नभिन्न भएको मात्र होइन, दुःखद घटनाहरूसमेत घटित भइरहेका छन्। बालबालिकाको भविष्य अनिश्चित बनेका छन्। विवाह नगर्ने, तर सँगै बस्ने विकृतिजन्य व्यवहार बढ्दै गएका छन्। यस्ता गलत व्यवहार सच्याउनैपर्छ। विवाह, परिवार, बालबालिकाको भविष्य सुन्दर बनाउन समाजलाई राम्रो बनाउने काम आफैँबाट सुरु गर्नुपर्छ। पार्टीहरूले विवाह, परिवारबारे छलफल र प्रशिक्षण चलाउनु पर्दछ।

**देउताको कोठामा बासः कति ठूलो विश्वास**

भूमिगत जीवन कठिन र जोखिम मोल्नु पर्ने जीवन हो। जनताको घरमा बस्दा सबभन्दा माथिल्लो तल्लामा भूमिगत नेतालाई राख्ने गरिन्थ्यो। माथिल्लो कोठा भनेको जनताको विश्वासभित्र रहेको देउताको कोठा भनिन्थ्यो र जनतासँग भएको घरसम्पत्ति राखनधरन गर्ने ठाउँ पनि हो। त्यसैले कमरेडहरूलाई माथिल्लो कोठामा राख्नु भनेको पार्टी र भूमिगत नेताप्रतिको माया र विश्वास पनि हो। सेल्टरदाताहरू सोच्नुहुन्थ्यो– भूमिगत नेतालाई कसैले देख्नु हुँदैन, हामीले नै सुरक्षा दिनुपर्छ। आश्रयस्थलमा भूमिगत नेतालाई राख्नु भनेको जिम्मेवारीको भावना पनि हो। त्यसैले भूमिगत नेताले अर्थात्

माथिल्लो देउताको कोठामा बस्ने नेताले जनताको विश्वासमा थप विश्वास र माया दिनुपर्ने स्थिति हुन्थ्यो ।

यसरी भूमिगत जीवन बिताइरहँदा उच्च नैतिकता र कडा अनुशासनका कारण नराम्रो घटना कहीँकतै पनि भएन । कडा अनुशासनमा रहेको र जनताको काम गर्ने शैलीले गर्दा पार्टीले जनताको विश्वास जित्न सकेको थियो । यी असल मान्छेहरू हुन् भनेर गहिरो छाप पार्न सफल भएको थियो । नेकपा (माले) लाई जनताको बीचमा जनताको पार्टी बनाउने हिजोका कठिन भूमिगतकालीन राजनीति त्यसबेला दिने प्रशिक्षण, बलिदानी भावना, निस्वार्थी सेवा नै आज नेकपा (एमाले) बन्ने बलियो जनाधार हो । आज शान्तिपूर्ण आन्दोलनको सफलताले सङ्घीय लोकतन्त्र, गणतन्त्र नेपाल र समाजवादको लक्ष्य लिन सकेका छौँ । हिजोका बलिदानीपूर्ण राजनीतिले आजको पुस्ता गौरवपूर्ण र अधिकारसम्पन्न नागरिक भएका छन् । उनीहरूको भविष्य उज्ज्वल छ । अनुशासन र नैतिकता कमजोर हुने, गल्ती गर्नेलाई पार्टीले कारबाही गर्न पनि निर्देशन दिन्थ्यो । राती–राती एक्लाएक्लै जङ्गल, भीरपाखाको बाटोमा हिँडिरहँदा, खोला तर्दा, एकअर्कालाई सहयोग गर्नु पर्थ्यो । एकअर्कामा कमरेडली भावना र व्यवहारकै कारण आत्मीय सहयोग हुने गर्थ्यो । मूल कुरा त राजनीतिक वैचारिक प्रशिक्षणले नै पार्टीप्रति उच्च भावना, क्रान्ति र परिवर्तनप्रति गहिरो विश्वास जागृत हुन्थ्यो । क्रान्तिकारी नैतिकता, आचरण, अनुशासनको कडाइका साथ पालनाकै कारण नेकपा (एमाले)प्रति ठूलो जनविश्वास बढेको हो ।

## अन्धविश्वास चिर्दै रातको हिंडाइ

भूमिगत जीवनको कठिन र अप्ठेरो पक्ष भनेकै हिँडडुल थियो । त्यस बेला यातायातका साधन कम थिए । यातायात चढेर पुग्नुपर्ने ठाउँमा जान पनि सकिन्नथ्यो । सुरक्षा, निगरानीको प्रश्न आउँथ्यो । लुकीछिपी राजनीति गर्ने, सङ्गठन बनाउने काम भनेको निरङ्कुश व्यवस्थाविरोधी काम नै थियो । त्यसैले पुलिस प्रशासनको निगरानी व्यापक हुन्थ्यो । सतर्कताका साथ हिँडडुल गर्नुपर्थ्यो । चनाखो हुन सकिएन भने सोझै घेराउ भई पक्राउ पर्ने स्थिति हुन्थ्यो । राजनीतिक नेता, कार्यकर्ता पक्राउ पर्नु भनेको जेलनेल र कठोर कस्टडीको यातना भोग्नुपर्ने र त्यस्तै अवस्थामा बलिदान पनि दिनुपर्ने स्थिति आउँथ्यो । दिउँसो हिँड्डुल गर्न पाउँदा त केही सजिलो नै हुन्थ्यो । रातको समय भने गाउँबस्ती सबै चकमन्न हुन्थ्यो । सुनसान भएका बेला रातभरि हिँड्न अलि सजिलो भए पनि कुकुर भुक्ने, गाउँलेहरू उठेर आउने डर हुन्थ्यो । कहिले हिँड्दाहिँड्दै मसानघाट आइपुग्दा मन ढुक्क हुन्थ्यो । एकदिन आराम गर्न पाइन्थ्यो । किनभने,

मसानघाट भनेपछि भूतप्रेत मसान आउने अन्धविश्वासका कारण आममानिस रातीमा त्यहाँ जाँदैनथे र पुलिस पनि त्यस ठाउँमा निगरानी गर्न डर मान्थे। त्यही अन्धविश्वासका कारण भूमिगत नेता–कार्यकर्ताले मसानघाटमा केही समय सुरक्षित आश्रय लिन्थे। मार्क्सवादी वैज्ञानिक चेतनाका कारण भूमिगत नेता–कार्यकर्तामा भूतप्रेत र मसान हुँदैन भन्ने सोच प्रस्ट हुन्थ्यो। त्यसबेला भूतप्रेत र मसानभन्दा पनि पञ्चायती शासकहरूसँग जम्काभेट हुने डर बढी हुन्थ्यो। त्यसबेला कमरेड मोदनाथ प्रश्रितले लेख्नुभएको पुस्तक 'भूतप्रेतको कथा' पढेर अन्धविश्वास हटाउन सहयोग पुगेको थियो।

आज हाम्रो पार्टी नेकपा (एमाले) जुन ठाउँमा आइपुगेको छ, त्यो हिजोका नेता–कार्यकर्ता र आश्रयदाता क्रान्तिकारी जनताको त्याग र सहयोगबाटै सम्भव भएको हो। तसर्थ हामीले हिजोको पञ्चायती निरङ्कुश व्यवस्थामा कुनै जेलनेल, दुःख, यातनाको प्रवाह नगरी सहयोग गर्ने जनसमुदाय र भूमिगत भएर आफ्नो घर–परिवार सबै छोडी देश, जनता र क्रान्तिका निम्ति खट्ने कमरेडहरूको उचित सम्मान गर्नुपर्दछ। ●